EXT☎: ०७१-५२०१७७
फ्याक्स: ०७१-५२०७११
Email: iro24@ird.gov.np

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

# आन्तरिक राजस्व कार्यालय भैरहवा

भैरहवा, रुपन्देही

प.सं. २०७७/०७८

च.नं. १४२९

मितिः २०७७।११।१२

विषयः आर्थिक ऐन, २०७७ ले व्यवस्था गरेको छुट तथा सुविधा कार्यान्वयन सम्बन्धमा ।

श्री ओमसतिया गाउँपालिका
गाँउकार्यपालिकाको कार्यालय, रुपन्देही ।

उपयुक्त विषयमा आर्थिक ऐन, २०७७ ले लामो समय देखि व्यवसाय संचालन गरेका तर करमा दर्ता नभएका एवं करमा दर्ता भै कारोवार गरेका तर विगत लामो समय देखि आयविवरण र कर विवरण पेश नगरेका साना करदाता लगायतलाई यहि २०७७ फाल्गुन मसान्त सम्म निश्चित वर्षहरुको कर विवरण तथा आयविवरण वुझाएमा शुल्क र ब्याज छुट सहितको अघिल्ला बर्षहरुको कर तिर्नु नपर्ने तथा कर कार्यालयले गरेको कर निर्धारणमा पुनरावेदन/मुद्दामा गएका एवं कोभिडको कारण परेको असरको आधारमा दिएको आयकर छुट सुविधाहरुको कार्यान्वयन सम्बन्धि सूचना तँहा पालिकामा यस अघि नै पठाईएको ब्यहोरा अवगत नै छ । आर्थिक ऐन, २०७७ ले दिएको उक्त छुट सुविधा सम्बन्धि म्याद यहि २०७७ फागुन मसान्तमा सकिने भएकोले उक्त सूचना पुनः पठाईएको छ । उक्त सूचना पुनः सूचना पाटीमा टाँस गरी सम्बन्धित सवैलाई जानकारी गराई सहयोग गरिदिनुहुन अनुरोध छ ।

मुक्तिराम आचार्य
(प्रमुख कर अधिकृत)

प्रमुख कर अधिकृत

दर्ता नं:- 2693
मितिः- 2066/11/16

नेपाल सरकार

**अर्थ मन्त्रालय**

**आन्तरिक राजस्व विभाग**

**आन्तरिक राजस्व कार्यालय, भैरहवा**

**विषय: आर्थिक ऐन २०७७ ले दिएको विषशे छुट सुविधा उपयोग गर्ने सम्बन्धी सूचना**

आर्थिक ऐन, २०७७ ले आर्थिक कारोवार गरेको तर कर नतिरेका (स्थायी लेखा नम्वर नलिई कारोवार गरेका), स्थायी लेखा नम्वर लिएका आयकर तथा मु.अ. कर विवरण र कर दाखिला नगरेका, कार्यालयले गरेको कर निर्धारण उपर चित्त नबुझाई आन्तरिक राजस्व विभाग, राज न्याधिकरण र सर्वोच्च अदातलमा पुनरावलोकनमा गएका करदाताले मिति २०७७ फागुन मसान्त सम्म देहायबमोजिमको कार्य गरेमा तपशिलमा उल्ले छुट तथा सुविधाको व्यंवस्था भएको हुँदा उक्त छुट सुविधा उपभोग गर्नुहुनु अनुरोध छ ।

| विवरण | छुटको व्यहोरा |
|---|---|
| स्थायी लेखा नम्वर नलिएका तर कारोवार गरिराखेका व्यक्तिले (प्राकृतिक व्यक्ति तथा निकाय) | विगतमा आय आर्जन गरेको तर त्यसरी आर्जित आयमा कर नबुझाएको भए त्यस्ता व्यक्तिले स्थायी ले नम्वर लिई आर्थिक वर्ष २०७४/०७५ र २०७५/०७६ को आय विवरण र सोमा लाग्ने कर २०७ साल फागुन मसान्तसम्म बुझाएमा सो भन्दा अघिको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा व्य बुझाउनु पर्ने छैन । |
| स्थायी लेखा नम्वर लिएका तर आय विवरण तथा कर नबुझाएका ५० लाख सम्मको कारोवार गर्ने प्राकृतिक व्यक्तिले | आ.व २०७३/०७४, २०७४/०७५ को आय विवरण, सो विवरण अनुसारको आयकर र सोमा ला व्याजको २५ प्रतिशतले हुने रकम २०७७ फागुन मसान्त सम्म बुझाएमा सो भन्दा अघिको वर्षको अ विवरण पेश गर्नु पर्दैन साथै कर, शुल्क तथा व्याज समेत तिर्नु पर्दैन । |
| स्थायी लेखा नम्वर लिएका तर २०७३/०७४ भन्दा अघिको आयआय विवरण तथा कर नबुझाएका ५० लाख सम्मको कारोवार गर्ने प्राकृतिक व्यक्ति वा निकायले । | आय विवरण र सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने व्याजको २५ प्रतिशतले हुने रकम २०७ फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकि व्याज मिन्हा हुनेछ । |
| २०७५ आषाढ मसान्तसम्मको मुल्य अभिबृद्धी कर विवरण नबुझाएका करदाताले | २०७७ फागुन मसान्त सम्म आफुले बुझाउनुपर्ने कर विवरण, सोमा लाग्ने विवरण अनुसारको मु.अ. कर सोमा लाग्ने व्याजको ५० प्रतिशतले हुने रकम बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर तथा बाँकी व्या मिन्हा हुनेछ । |
| मुद्दा फिर्ता लिने करदातालाई छुट | आयकर ऐन, २०५८, मु.अ. कर ऐन, २०५२ तथा अन्तशुल्क ऐन, २०५८ बमोजिम २०७५ असा मसान्तभित्र भएको कर निर्धारण वा अन्तशुल्क निर्धारण (झुटा तथा नक्कली विजक सम्बन्धमा भएको कर निर्धारण वाहेक) उपर चित्त नबुझाई आन्तरिक राजस्व विभाग वा राजस्व न्याधिकरण वा अदालतमा विचाराधिन रहेको मुद्धा सम्बन्धित करदाताले २०७७ फागुन मसान्तसम्म फिर्ता लिई त्यस्तो कर निर्धारणबाट कायम भएको आयकर, मुल्य अभिबृद्धी कर, अन्तशुल्क बापतको कर रकम र सोमा लागेको व्याज बुझाएमा सोमा लागेको शुल्क,थप दस्तुर तथा जरिवाना मिन्हा दिईनेछ । |

**पुनश्चः आर्थिक ऐन, २०७७ ले दिएका छुट सुविधा बमोजिम २०७७ फागुन मसान्तसम्म मात्र रहेको छ । उक्त समयभित्र कर तथा विवरण दाखिला नगरेमा सो अबधि पछि सम्पुर्ण अबधिको कर, शुल्क, जरिवाना तथा व्याज समेत असुल गरिनेछ ।**

**कोभिड-१९ को संक्रमणबाट प्रभावित कारोवारमा छुट सहुलियत सम्बन्धि विशेष व्यवस्था (आ.व. २०७६/०७७ को लागि दिईएका कर छुटहरु)**

| विवरण | छुटको दर |
|---|---|
| वार्षिक २० लाख सम्म कारोवार तथा २ लाख सम्म आय भई डे ०१ को विवरण बुझाउने करदातालाई आ.व. २०७६/०७७ मा लाग्ने करमा | ७५ प्रतिशत छुट |
| वार्षिक कारोवार २० लाख देखि ५० लाख सम्म कारोवार भई डे ०२ को विवरण बुझाउने करदातालाई आ.व. २०७६/०७७ मा लाग्ने करमा | ५० प्रतिशत छुट |
| वार्षिक १ करोड रुपैया सम्मको कारोवार भएको करदातालाई आ.व. २०७६/०७७ को लाग्ने करमा | २५ प्रतिशत छुट |
| होटल, ट्राभल, ट्रेकिङ, यातायात वा हवाई सेवाको वार्षिक एक करोड रुपैया भन्दा बढीको कारोवार गर्ने व्यक्तिलाई आ.व. २०७६/०७७ को लाग्ने करमा | २० प्रतिशत छुट |

प्रमुख कर अधिकृत